# बैठक नं. ४६

आज मिति २०७६ जेष्ठ १२ गते सोमबार दिउसो २ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक,वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमकोउपस्थितिभयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |

## निर्णय नं.१

आगामि आ.व. २०७६/०७७ का लागि बजेट, नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्नका लागि तपशिल बमोजिमको कार्यतालिका स्वीकृत गरि सोहि अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.न. | क्रियाकलाप | समयावधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको प्रतिवेदन तयारी गर्ने | २०७६ जेठ १० सम्म | उप – प्रमुख | |
| २ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण गर्ने | २०७६ जेठ १९ सम्म | प्रमुख | |
| ३ | वडाहरुलाई मार्गदर्शनसहित प्रारम्भिक अनुमानित बजेट सिलिङ्ग पठाउने | २०७६ जेठ २१ सम्म | प्रमुख / प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | टोल तथा वस्ती स्तरीय योजना छनौट | २०७६ जेठ २७ सम्म | वडा अध्यक्ष/ वडा समिती | |
| ५ | वडा स्तरीय योजना छनौट तथा प्राथमिकीकरण (विषय क्षेत्र समेत) | २०७६ जेठ मसान्त सम्म | वडा अध्यक्ष/ वडा समिती | |
| ६ | विषयगत समितिको वैठक छलफल | २०७६ असार ३ गते सम्म | समितिका संयोजक | |
| ७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको योजना तर्जुमा | २०७६ असार ५-७ गते सम्म | समितिको संयोजक | |
| ८ | नगर कार्यपालिका बैठकमा योजना तथा कार्यक्रम पेश र पारित | २०७६ असार ८ र ९ गते | प्रमुख / सचिव | |
| ९ | नगरसभाबाट बजेट नीति तथा कार्यक्रम छलफल र पारित | २०७६ असार १०-२५ गते | प्रमुख | |
| १० | योजना/कार्यक्रम कार्यान्वयनका लागि प्र.प्र.अ. लाई अख्तियारी प्रदान गर्ने | २०७६ साउन ३ गते सम्म | प्रमुख | |
| ११ | महाशाखा/शाखा प्रमुखहरु र वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्ने | २०७६ साउन १५ गते | प्रमुख प्रशासकीय अधिकृत | |

## निर्णय नं.२

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को परिच्छेद ४, निर्देशक समिति सम्वन्धी दफा १४ मा उल्लेखित व्यवस्था अनुसार तपशिल बमोजिम स्थानीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख, श्री रमेश महर्जन - संयोजक

उप प्रमुख, श्री सरस्वती रिजाल (खड्का) - सदस्य

वडा अध्यक्ष, वडा नं. ४, श्री राजेन्द्र बानिया - सदस्य

वडा अध्यक्ष, वडा नं. ७, श्री राजकुमार माली - सदस्य

प्रमुख प्रशासकीय अधिकृत, श्री ध्रुवराज आचार्य - सदस्य सचिव

## निर्णय नं.३

यस नगरपालिकाको वडा नं. १० नयाँबजार स्थितजग्गामा निर्माणाधीन नगरपालिकाको कार्यालय भवनको सम्झौताबमोजिमका कार्यसम्पन्न पश्चात पनि कार्यालय सञ्चालनका लागि आवश्यक, सम्झौतामा उल्लेख भएदेखि बाहेक तपशिल बमोजिमका पुर्वाधार व्यवस्थापनका लागि आवश्यक पर्ने लागत अनुमान बमोजिमको करिब रु.६,९२,८५,७७७।- को बजेट उपलव्ध गराई सहयोग गरिदिनका लागि जिल्ला समन्वय समिति, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिलः-

१. लिफ्ट - २ थान
२. आकस्मिक बहिर्गमन(Emergency Exit) - १
३. अग्नि नियन्त्रण व्यवस्थापन (Emergency Fire Fighting Unit with Water reservoir)सेट-१
४. सभाहल व्यवस्थापन - १

## निर्णय नं.४

यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु मध्ये आफ्नो जग्गा प्राप्त भइनसकेका तपशिलका वडा कार्यालयका भवन निर्माण गर्नका लागि यस नगरपालिकाको नाममा जग्गा उपलव्ध गराईदिन आवश्यक प्रक्रिया अघि वढाउन मालपोत कार्यालय, कलंकीलाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि.न. | वडा नं. | वडा केन्द्र | सिट नं./कित्ता न. |
|---|---|---|---|
| १ | १ | लायकु | सिट नं. १८१-२०, कीत्ता नं.२४० |
| २ | २ | देवढोका | |
| ३ | ३ | खासीबजार, हिटिफ | साविक पालिफल गा.वि.स-९,कित्ता नं.१०१ |
| ४ | ४ | गोदामचौर | मच्छेगाँउ ४'क" ,कित्ता नं.१२० |
| ५ | ५ | कन्याचौर | साविक बालकुमारी गा.वि.स नं.९, कीत्ता नं.६९ |
| ६ | ६ | जलविनायक | साविक गा.वि.स चोभार, भुतखेल ४'ग' कित्ता नं.९ र ११ (प्रति जग्गा) |
| ७ | ७ | भाजंगल | कित्ता नं.७२ प्रति जग्गा ७ |
| ८ | ८ | ढोकासी, पाँगा | गड पर्खाल |
| ९ | ९ | नयाँवजार | |
| १० | १० | चिथु | सिट नं. ११८२-१६, कित्ता नं. ४२/४३ |

## निर्णय नं.५

यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु मध्ये आफ्नो भवन नभई सेवा प्रवाहमा कठिनाई उत्पन्न भइरहेकोले तपशिलका वडा कार्यालयका भवन निर्माण गर्नका लागि बजेट रकम उपलव्ध गराईदिन जिल्ला समन्वय समिति, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | वडा नं. | वडा केन्द्र | अनुमानित बजेट |
|---|---|---|---|
| १ | १ | लायकु | १ करोड |
| २ | २ | देवढोका | १ करोड |

| | | | |
|---|---|---|---|
| ३ | ३ | खासीबजार, हिटिफ | १ करोड |
| ४ | ४ | गोदामचौर | १ करोड |
| ५ | ५ | कन्याचौर | १ करोड |
| ६ | ६ | जलविनायक | १ करोड |
| ७ | ७ | भाजंगल | १ करोड |
| ८ | ८ | ढोकासी, पाँगा | १ करोड |
| ९ | ९ | नयाँवजार | १ करोड |
| १० | १० | चिथु | १ करोड |

## निर्णय नं.६

चालु आ.व. २०७५/०७६ का लागि स्वीकृत तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(रु.हजारमा)

| सि.न. | स्वीकृत योजना तथा कार्यक्रम | बजेट | संशोधित योजना तथा कार्यक्रम | बजेट | संशोधन हुनका कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कीर्तिपुर नगर चम्पादेवी केवलकार सम्भाव्यता अध्यायन | १००० | पुष्पलाल माथिल्लो गेटदेखि पश्चिम खोलातर्फ जाने बाटो विस्तार, सुधार | | उक्त सम्भाव्यता अध्ययन निःशुल्क रुमा गर्न प्रस्ताव आह्वान गरिए बमोजिम प्रस्तावहरु पेश भएकाले रकम आवश्यक नपर्ने । | |
| २ | कीर्तिपुरनयाँबजार रंगरोगन कार्यक्रम | १५०० | पाँगा दोवाटो देखि लोकतान्त्रिक चोकसम्म सडक पेटी निर्माण | | नयाँबजार क्षेत्र पुरै रंगरोगन गर्न रकम अपुग हुने र चालि आ.व. मा उक्त कार्य हुन नसक्ने भनी सम्बन्धित वडाबाट लिखित जानकारी आएकाले । | |

## निर्णय नं.६

भूमि व्वस्थापन तथा अभिलेख विभागबाट जारी गरिएको "कृषि योग्य जग्गाको खण्डिकरण सम्वन्धमा मन्त्रालयबाट जारी गरिएको निर्देशन" को बुँदा ५ मा उल्लेख भए बमोजिम कृषि, वन, नापी, जग्गा प्रशासन र शहरी विकास सम्वन्धी प्राविधिक सम्मीलित"**जग्गा उपयोगिता विश्लेषण प्राविधिक समिति**"तपशिल बमोजिमको गठन गर्ने निर्णय गरियो ।

क) प्राविधिक शाखा प्रमुख, कीर्तिपुर नगरपालिका - संयोजक
ख) कृषि विकास शाखा प्राविधिक, कीर्तिपुर नगरपालिका - सदस्य
ग) नापी कार्यालय प्रतिनिधि, कलंकी कार्यालय - सदस्य
घ) मालपोत कार्यालय प्रतिनिधि, कलंकी कार्यालय - सदस्य
ङ) चन्द्रागिरी स.व.डी., प्रतिनिधि - सदस्य
च) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य
छ) स्ट्रक्चरल ईन्जिनियर, कीर्तिपुर नगरपालिका - सदस्य – सचिव

## निर्णय नं.७

यस नगरपालिकाको १० वटै वडाहरुमा विगतमा वडाकै नाममा राष्ट्रिय वाणिज्य बैंकमा बैंक खाता खोली संचालन भै आएकोमा वडा कार्यालयहरुमा अधिकृतस्तरका कर्मचारी नभै बैंक खाता संचालन गर्न नमिल्ने हुदाँ चालु आ.व २०७५/०७६ देखि नगर कार्यपालिकाबाटै वडा स्तरीय योजना तथा कार्यक्रमहरुको भुक्तानी हुँदै आएको र विगतमा वडाको बैंक खातामा चालु तथा पूँजीगत खर्चका लागि उपलब्ध गराएको रकम मध्ये खर्च नभै बाँकी रहेको रकमबाट आ.व. २०७४/०७५ को अन्त्यसम्ममा वडा स्तरमा सम्झैता भई अन्तिम भुक्तानी गर्न बाँकी पूँजीगत रकम तथा विभिन्न शीर्षकमा चालु खर्च तर्फका समेत दायित्व सृजना भै भुक्तानी गर्न बाँकी रकम उक्त समयमा यकिन नभै भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प फा.नं १८ तयार नभएको अवस्थामा सम्बन्धित वडाहरुको बैंक खाता बन्द गरी बाँकी रकम नगरकार्यपालिका कार्यालयको बैंक खातामा जम्मा भएकाले सो समयमा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी रकमको हकमा सम्बन्धित वडाको सिफारिस सहितको बिल भरपाई, प्राविधिकहरुको कार्य सम्पन्न मुल्याङ्कन प्रतिवेदनका आधारमा सम्बन्धित वडाबाट फिर्ता आएको रकमले खामेसम्मको भुक्तानी उपलब्ध गराउने तथा यसपूर्व यसै प्रकृतिबाट भैसकेका भूक्तानी रकमको समर्थन गर्ने निर्णय गरियो ।